सम्पर्क नं.
प्रमुख प्रशासकीय अधिकृत ०९१-५६०११८
फ्याक्स ०९१-५६०४११

# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## टीकापुर, कैलाली
## सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या: २०८२/०८३ मिति :
चलानी नं.

---

## अनाधिकृत रुपमा रहेका संरचना हटाउने सम्बन्धी जरुरी सूचना !

(प्रकाशित मिति :२०८२/१२/२५)
नेपाल सम्बत् :११४६ चौलागा ६ बुधबार

यस नगरपालिकाको बजार क्षेत्रमा रहेका केही घरधनी तथा व्यवसायीहरुले आफ्नो जग्गाको क्षेत्र भन्दा बाहिर सार्वजनिक जग्गा/बाटो/नालामा पर्ने गरी स्थायी तथा अस्थायी रुपमा संरचना निर्माण गरी व्यापारिक रुपमा समेत अन्य व्यवसायीलाई असर पर्ने कार्य गरी रहेको सम्बन्धमा यस कार्यालयमा गुनासो प्राप्त भएको तथा नगरपालिकाको नियमित बजार अनुगमनका क्रममा समेत केही घरधनी तथा व्यवसायीहरुले सार्वजनिक जग्गा (ओपन स्पेश) /बाटो/नालामा पर्ने गरी स्थायी तथा अस्थायी संरचना निर्माण गरी नियम विपरित कार्य गरी रहेको पाईएको हुँदा उक्त किसिमका संरचना हटाउने सम्बन्धमा र सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने विषय सँग सम्बन्धित गृह मन्त्रालयको २०८२/१२/२० गतेको परिपत्र र जिल्ला प्रशासन कार्यालय, धनगढी कैलालीको मिति २०८२/१२/२३ गतेको अवैध कब्जा हटाउने विशेष अभियान संचालन गर्ने सम्बन्धमा प्राप्त पत्र कार्यान्वयन गर्ने सम्बन्धमा यस नगरपालिकाको स्थानीय बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समितिको मिति २०८२/१२/२४ गतेको बैठकको निर्णयानुसार अनाधिकृत रुपमा निर्माण गरिएका स्थायी तथा अस्थायी संरचनाहरु यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र हटाउन हुन सम्बन्धित सवैमा सूचित गरिन्छ । सूचनाको अटेर गरी यस किसीमका संरचना नहटाएको पाईएमा प्रचलित नियमानुसार भई जाने र यसबाट पर्नजाने असरको जिम्मेवारी स्वयं सम्बन्धितमा रहन जाने ब्यहोरा समेत यसै सूचना मार्फत सम्बन्धित सवैमा जानकारी गराईन्छ ।

घिमिरे
२५/१२/२०८२
.........................
सुमन घिमिरे
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

CamScanner